(ञ) रेस्पोण्डेण्ट वित्तीय संस्थाले कुनै शेल बैङ्कलाई आफ्नो खाता प्रयोग गर्न अनुमति नदिने कुराको सुनिश्चित गर्ने ।

**१८. सम्पत्ति सुद्धिकरण ऐनले कारोवार गर्ने सूचक संस्थाको दायित्व के कस्तो हुने गरी तोकेको छ ? उल्लेख गर्नुहोस् ।**

- सूचक संस्थाले ग्राहक पहिचान तथा पुष्टि गर्न विवरण तथा जानकारी उपलब्ध नगराउने ग्राहकसँग कारोवार गर्न नपाउने भएकोले ग्राहकको विवरण पुष्टि गर्नु पर्दछ । यस्ता संस्थाले सम्पत्ति सुद्धिकरण ऐन वा सो अन्तर्गत बनेको नियम वा जारी भएको निर्देशिका वा दिएको निर्देशनको कार्यान्वयनको लागि आफ्नो देश, भौगोलिक क्षेत्र, कार्य क्षेत्र, व्यवसायको आकार, ग्राहक, कारोवार तथा जोखिमका आधारमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी नीति तथा कार्यविधि बनाई लागू गर्नु पर्छ ।
- आफ्नो दायित्व निरन्तर रूपमा पूरा गर्न सूचक संस्थाले व्यवस्थापन स्तरको कार्यान्वयन अधिकारी (कम्प्लायन्स अफिसर) नियुक्त गर्नु पर्ने र निजलाई निजको काम, कर्तव्य र अधिकार समेत तोकी सो का लागि आवश्यक साधन स्रोत उपलब्ध हुने सुनिश्चित गर्नु पर्ने,
- एकै समूह अन्तर्गत नेपाल वा विदेशमा सञ्चालित सूचक संस्था वा विदेशमा शाखा कार्यालय वा अधिकांश स्वामित्व रहने गरी संस्था स्थापना गर्ने सूचक संस्थाले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी व्यवस्थाको पालना गर्न समूहगत नीति तथा कार्यविधि बनाई सो को लागू गर्नु पर्ने, यस्तो व्यवस्था पालना गर्न सम्बन्धित मुलुकको कानुनको कारण कठिनाई भएमा संस्था स्थापना गर्ने सूचक संस्थाले नियमनकारी निकायलाई जानकारी दिनु पर्नेछ र त्यस्ता संस्थाले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी जोखिम व्यवस्थापन गर्न अतिरिक्त उपाय अपनाउनु पर्ने ।
- कारोवारसँग सम्वन्धित कागजात, विवरण तथा अभिलेख व्यावसायिक सम्बन्ध समाप्त भएको वा कारोबार भएको वा आकस्मिक कारोबार भएको मितिले कम्तीमा पाँच वर्षसम्म दुरुस्त रूपले व्यवस्थित तथा सुरक्षित राख्नुपर्ने ।

सूचक संस्थाले ५ कारोवार भएको मिलिते कम्तिमा ५ वर्ष सम्म सुरक्षित राख्नुपर्ने अभिलेखमा के कस्ता विवरण तथा कागजात पर्न आउँदछन् :

यस्तो अभिलेखमा निम्न वमोजिमका विवरण तथा कागजात पर्दछन् :

(क) ग्राहक तथा वास्तविक धनीको पहिचान तथा सम्पुष्टि सम्बन्धी अभिलेख,

(ख) ग्राहक, वास्तविक धनी र कारोबारका सम्बन्धमा गरिएको विश्लेषणको निष्कर्ष तथा प्रतिवेदन सम्बन्धी सबै कागजात, विवरण तथा अभिलेख,

(ग) सूचक संस्थाको लेखा तथा व्यावसायिक कागजात, विवरण तथा अभिलेख,



Question Bank Nepal

(घ) स्वदेशी वा वैदेशिक रूपमा गरिएका कारोबारसँग सम्बन्धित आवश्यक सबै कागजात, विवरण तथा अभिलेख,

(ङ) कारोबार गर्न गरेको प्रयासको कागजात, विवरण तथा अभिलेख, र

(च) नियमनकारी निकायले तोकिदिए बमोजिमका अन्य कागजात, विवरण तथा अभिलेख ।

सूचक संस्थाले तोकिएका कागजात, विवरण तथा अभिलेख पाँच वर्षभन्दा घटी नहुने गरी तोकिएको थप अवधिसम्म सुरक्षित राख्नु पर्छ । त्यस्तो अभिलेख राख्दा प्रत्येक कारोबार स्पष्ट देखिने र कानूनी कारवाहीको सिलसिलामा प्रमाणको रूपमा प्रयोग गर्न सकिने गरी र अधिकार प्राप्त अधिकारीले माग गरेका बखत तत्कालै उपलब्ध हुन सक्ने गरी राख्नु पर्छ । यस्तै शङ्कास्पद कारोबार सम्बन्धी प्रतिवेदन पाँच वर्षसम्म सुरक्षित राख्नु पर्छ ।

**✍ सूचक संस्थाले कस्तो अवस्थामा संकास्पद कारोवारको विवरण वित्तीय जानकारी इकाइलाई दिनु पर्छ ?**

सूचक संस्थाले ग्राहक, कारोबार वा सम्पत्तिको सम्बन्धमा देहायको अवस्था विद्यमान भएमा तीन दिनभित्र यथासक्य चाँडो वित्तीय जानकारी इकाईलाई शङ्कास्पद कारोबार सम्बन्धी प्रतिवेदन दिनु पर्छ:-

(क) कुनै सम्पत्ति सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूर वा अन्य कसूरसँग सम्बन्धित भएको शङ्का लागेमा वा शङ्का गर्नुपर्ने मनासिव आधार भएमा, वा

(ख) कुनै सम्पत्ति आतङ्ककारी कार्य, आतङ्ककारी व्यक्ति वा आतङ्ककारी सङ्गठन वा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीसँग सम्वन्धित वा जोडिएको वा त्यस्तो कार्यमा वा त्यस्तो व्यक्ति वा सङ्गठनबाट प्रयोग हुन सक्ने शङ्का लागेमा वा शङ्का गर्नु पर्ने मनासिव आधार भएमा ।

सूचक संस्थाले यस्तो शङ्कास्पद कारोवार सम्बन्धी प्रतिवेदन ग्राहकले कुनै कारोवार गर्ने प्रयास मात्र गरेमा समेत दिनु पर्नेछ ।

**✍ सम्पत्ति सुद्धिकरण ऐन अनुसार कारोवार गर्ने सूचक संस्थाको नियमन तथा सुपरीवेक्षण के कसरी हुने व्यवस्था छ उल्लेख गर्नुहोस् ।**

उक्त ऐन बमोजिम सूचक संस्थाले काम कारवाही गरे वा नगरेको सम्बन्धमा प्रचलित कानून बमोजिम स्थापित नियमनकारी निकायबाट नियमन तथा सुपरीवेक्षण हुने र कुनै सूचक संस्थाको नियमनकारी निकायको सम्बन्धमा प्रचलित कानूनमा कुनै व्यवस्था नभएमा नेपाल सरकारले नियमनकारी निकाय तोक्ने व्यवस्था रहेको छ । यस्तो नियमनकारी निकायले प्रचलित कानूनमा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त सम्पत्ति सुद्धिरण सम्बन्धी ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारको समेत पालना र प्रयोग गर्नु पर्ने व्यवस्था रहेको छ ।

यस्तो निकायको काम, कर्तव्य र अधिकारको निम्न बमोजिम तोकिएको छ :

Question Bank Nepal

- आफूले नियमन सुपरीवेक्षण गर्नु पर्ने सूचक संस्थाको जोखिमको पहिचान, मूल्याङ्कन तथा अनुगमन गर्ने तथा जोखिम व्यवस्थापन उपाय अवलम्बन गर्ने,
- सूचक संस्थालाई आवधिक रूपमा वा आवश्यकता अनुसार जोखिमको पहिचान, मूल्याङ्कन, अनुगमन तथा जोखिम व्यवस्थापन गर्न पर्याप्त तथा प्रभावकारी उपाय अवलम्वन गराउने,
- ऐन नियम वा जारी गरिएको निर्देशिका वा दिइएको निर्देशनको पालना गर्ने वा गराउने,
- सूचक संस्था दर्ता वा व्यवसायको लागि शर्त समेत तोकी अनुमतिपत्र वा इजाजतपत्र दिने
- त्यस्तो संस्थाको संस्थापना, स्थापना, सञ्चालन, व्यवस्थापन वा काम कारबाहीमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा स्वामित्व हुने, नियन्त्रण गर्ने वा सहभागी हुने वा सोको वास्तविक धनी वा हिताधिकारी व्यक्तिको वित्तीय लगायत अन्य योग्यताको उपयुक्तता मापन सम्बन्धी मापदण्ड बनाई लागू गर्ने वा गराउने,
- ऐन, नियम वा जारी निर्देशिका, निर्देशन वा आदेशको व्यवस्था पालना भए नभएको सम्बन्धमा स्थलगत निरीक्षण वा गैरस्थलगत सुपरीवेक्षण वा अनुगमन गर्ने,
- जोखिम मूल्याङ्कन र वृहत् ग्राहक पहिचानको विस्तृत अनुगमन गर्ने,
- सूचक संस्थामा रहेको जुनसुकै प्रकारको सूचना, जानकारी तथा कागजात उपलब्ध गराउन आदेश दिने,
- कसूरको अनुसन्धान सम्बन्धी कार्यमा आवश्यक सहयोग पुऱ्याउने,
- शङ्कास्पद कारोबार पहिचान, मूल्याङ्कन, प्रतिवेदन दिने व्यवस्था गरी सोको प्रभावकारी कार्यान्वयनको विशेष मूल्याङ्कन गर्ने,
- शङ्कास्पद कारोबार सम्बन्धी प्रतिवेदन पेश नगरेको देखिएमा सोको जानकारी वित्तीय जानकारी इकाईलाई दिने, आदि ।

**✍ सम्पत्ति सुद्धिकरण तथा आतंकवादी क्रियाकलाप सम्बन्धी कुरामा सरकारलाई सुझाव दिने राष्ट्रिय समन्वय समितिको गठन कसरी हुन्छ ? उल्लेख गर्नुहोस् ।**

**सम्पत्ति सुद्धिकरण ऐनले** सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूर निवारण गर्ने सम्बन्धमा अन्तर निकाय बीच समन्वय गर्न र नेपाल सरकारलाई आवश्यक सुझाव दिनको लागि देहाय बमोजिमको एक राष्ट्रिय समन्वय समिति रहने व्यवस्था गरेको छ :-

- सचिव, अर्थ मन्त्रालय -संयोजक
- सचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय - सदस्य
- सचिव, गृह मन्त्रालय - सदस्य



Question Bank Nepal

- सचिव, परराष्ट्र मन्त्रालय - सदस्य
- सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य
- नायब महान्यायाधिवक्ता, महान्यायाधिवक्ताकाको कार्यालय - सदस्य
- सचिव, अख्तियार दुरूपयोग अनुसन्धान आयोग - सदस्य
- डेपुटी गभर्नर, राष्ट्र बैंङ्क - सदस्य
- प्रहरी महानिरीक्षक, नेपाल प्रहरी - सदस्य
- प्रमुख, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग - सदस्य सचिव

वित्तीय जानकारी इकाईको प्रमुखले राष्ट्रिय समन्वय समितिको सचिवको रूपमा काम गर्नेछ र वित्तीय जानकारी इकाईले राष्ट्रिय समन्वय समितिको सचिवालयको रूपमा काम गर्ने व्यवस्था रहेको छ। ।

**✍ वित्तीय जानकारी इकाई सम्बन्धमा जानकारी गराउनुहोस् ।**

सम्पत्ति शुद्धीकरण, आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी तथा सम्बद्ध कसूर सम्बन्धी शङ्कास्पद कारोबार सम्बन्धी प्रतिवेदन तथा सो सम्बन्धी अन्य सूचना प्राप्त गर्न, सोको विश्लेषण गर्न तथा विश्लेषणको निष्कर्ष प्रवाह गर्न कार्यात्मक रूपले स्वायत्त तथा स्वतन्त्र इकाईको रूपमा राष्ट्र बैङ्कमा एक वित्तीय जानकारी इकाई रहने व्यवस्था ऐनले गरेको छ । उक्त इकाईको प्रमुखको नियुक्ति राष्ट्र बैङ्कका कम्तीमा प्रथम श्रेणीका अधिकृतहरू मध्येबाट राष्ट्र बैङ्कको गभर्नरले गर्ने पनि व्यवस्था छ । यसको कार्यालय नेपाल राष्ट्र बैङ्कमा रहने र सो को लागि आवश्यक पर्ने कर्मचारीको व्यवस्था राष्ट्र बैङ्कले गर्ने व्यवस्था रहेको छ । वित्तीय जानकारी इकाईले अनुरोध गरेमा नेपाल सरकार वा कुनै सार्वजनिक संस्थाले वित्तीय जानकारी इकाईमा काम गर्ने गरी आफ्नो कर्मचारी उपलब्ध गराउन सक्ने व्यवस्था पनि रहेको छ । सो इकाइको सञ्चालनको लागि राष्ट्र बैङ्कले छुट्टै वजेट उपलब्ध गराउने समेत व्यवस्था छ । वित्तीय जानकारी इकाईको प्रमुख तथा कर्मचारीको न्यूनतम योग्यता, सङ्गठन संरचना, दरबन्दी, सरुवा वा पदमुक्त हुने अवस्था तथा अन्य साधन स्रोत उपलब्ध गराउने लगायतका व्यवस्था राष्ट्र बैङ्कको विनियममा उल्लेख भए बमोजिम हुने व्यवस्था हुन्छ ।

**✍ वित्तीय जानकारी इकाईको काम, कर्तव्य र अधिकार उल्लेख गर्नुहोस् ।**

वित्तीय जानकारी इकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः-

(क) सम्पत्ति सुद्धिकरण ऐन बमोजिम निर्धारण गरिएको सीमा वा सो भन्दा बढीको कारोबारको विवरण प्राप्त गर्ने,

(ख) यस ऐन बमोजिम शङ्कास्पद कारोबार सम्बन्धी प्रतिवेदन प्राप्त गर्ने,

(ग) यस ऐन बमोजिम मुद्रा तथा धारक विनिमेय अधिकारपत्र सम्बन्धी विवरण प्राप्त गर्ने,

(घ) यस ऐन बमोजिम अन्य सूचना, कागजात तथा विवरण प्राप्त गर्ने,



QuestionBankNepal

(ङ) शङ्कास्पद कारोबार प्रतिवेदन लगायत यस ऐन बमोजिम प्राप्त अन्य प्रतिवेदन तथा जानकारीको विश्लेषण गर्ने,

(च) शङ्कास्पद कारोवार सम्बन्धी जानकारीको विश्लेषण गर्दा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूर वा अन्य कसूर सम्बन्धी शङ्का लागेमा विश्लेषणको निष्कर्ष आफैं वा सम्बन्धित निकायको अनुरोधमा विभाग वा प्रचलित कानून बमोजिम कसूरको अनुसन्धान तहकिकात गर्ने निकायमा प्रवाह गर्ने,

(छ) यस ऐन बमोजिमको सूचना दिने दायित्व भएका सूचक संस्था, सम्बद्ध निकाय, नियमनकारी निकाय तथा आफ्ना कर्मचारीहरूलाई आवश्यकता अनुसार तालीमको व्यवस्था गर्ने,

(ज) शङ्कास्पद कारोबारको पहिचान, शङ्कास्पद कारोबार सम्बन्धी प्रतिवेदन तथा जानकारी समेतका सम्बन्धमा सूचक संस्था वा सम्बद्ध निकायलाई आवश्यक पृष्ठपोषण तथा मार्गदर्शन गर्ने,

(झ) सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरको प्रकार, कसूर गर्ने प्रविधि, पद्धति तथा प्रवृत्ति समेतका विवरण संलग्न गरी आफ्नो काम कारबाही सम्बन्धी आर्थिक प्रतिवेदन राष्ट्र बैंक मार्फत् नेपाल सरकार समक्ष पेश गर्ने,

(ञ) शङ्कास्पद कारोबार पहिचान, मूल्याङ्कन, प्रतिवेदन प्रणाली तथा सोको प्रभावकारिताका सम्बन्धमा नियमनकारी निकायलाई आवश्यकता अनुसार सूचक स.स्थाको निरीक्षणमा गर्न सहयोग गर्ने वा निरीक्षण सुपरीवेक्षणको प्रतिवेदन अध्ययन गरी पृष्ठपोषण दिने,

(ट) समान प्रकृतिको काम गर्ने विदेशी निकायसँग पारस्परिकताको आधारमा सहयोग आदान प्रदान सम्बन्धी समझदारी कायम गर्ने, र

(ठ) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

**७. सम्पत्ति सुद्धिकरण अनुसन्धान विभागको सम्बन्धमा उल्लेख गर्नुहोस् ।**

सम्पत्ति सुद्धिकरण ऐन, २०६४ ले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरको अनुसन्धान गर्न नेपाल सरकारले एक सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको स्थापना गर्न सक्ने व्यवस्था गरेको छ । यही व्यवस्था अनुसार हाल अर्थ मन्त्रालय मातहत यो विभाग स्थापना भई क्रियाशील रहेको छ । उक्त विभागको प्रमुखको रूपमा निजामती सेवाको कम्तीमा प्रथम श्रेणीको अधिकृत रहने व्यवस्था रहेको छ । विभागको सङ्गठनात्मक स्वरूप र विभागलाई आवश्यक पर्ने कर्मचारीको दरबन्दी नेपाल सरकारले स्वीकृत गरिसकोको छ । विभागलाई विशेषज्ञ कर्मचारी आवश्यक भई माग भएमा सम्बन्धित निकाय तथा सार्वजनिक संस्थाबाट नेपाल सरकारले उपलब्ध गराई दिन सक्ने व्यवस्था ऐनले गरेको छ ।



Question Bank Nepal

विभागले कार्यसम्पादनको सिलसिलामा कुनै मुलुकको समान प्रकृतिको काम गर्ने निकायले माग गरेमा वा विभाग आफैँले आवश्यक ठानेमा पारस्परिकताका आधारमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरको सम्बन्धमा गरेको अनुसन्धान सम्बन्धी सूचना आदान प्रदान गर्न सक्छ । यस्तै विभागले आवश्यक ठानेमा कुनै मुलुकको समान प्रकृतिको काम गर्ने निकायसँग मिलेर सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरको संयुक्त रूपमा अनुसन्धान गर्न वा गराउन पनि सक्छ ।

**✍ सम्पत्ति सुद्धिकरण तथा आतंकवादी क्रियाकलापको अनुसन्धान सम्बन्धमा ऐनले गरेको व्यवस्था उल्लेख गर्नुहोस् ।**

- सम्पत्ति सुद्धिकरण विभागमा कसैले लिखित वा मौखिक रूपमा उजुरी, निवेदन, जानकारी वा सूचना दिन सक्ने र त्यस्तो उजुरीमा विभागले गोप्य रूपमा संकेत राखी दर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । कसैले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूर गरेको, गर्न लागेको वा गरिरहेको कुरा विभाग वा विभागको कुनै कर्मचारीलाई कुनै व्यहोराले थाहा हुन आएमा पनि त्यस्तो व्यहोरालाई उजूरीको रूपमा दर्ता गर्नु पर्ने व्यवस्था छ ।
- यस्तै वित्तीय जानकारी इकायबाट सूचना विश्लेषण गरी निश्कर्ष सहित अनुसन्धानको लागि प्राप्त भएमा विभागको प्रमुखले त्यस्तो उजूरी वा सूचनाका सम्बन्धमा प्रारम्भिक जाँचबुझ गर्नु वा गराउनु पर्ने र प्रारम्भिक अनुसन्धानबाट थप अनुसन्धान अगाडि बढाउनु पर्ने देखिएमा अनुसन्धान अधिकृत तोकी अनुसन्धानको अघि बढाउनु पर्ने व्यवस्था रहेको छ ।
- गरिएको प्रारम्भिक जाँचबुझबाट सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूर भएको वा हुन सक्ने मनासिब आधार भई अनुसन्धान कार्य अगाडि बढाउनु पर्ने देखेमा विभागको प्रमुख आफैँले अनुसन्धान गर्न वा आवश्यकता अनुसार विभागको कुनै अधिकृत कर्मचारी, अन्य सरकारी अधिकृत कर्मचारी वा सार्वजनिक संस्थाको कुनै अधिकृत कर्मचारीलाई अनुसन्धान अधिकृत नियुक्त गर्न वा तोक्न सक्नेछ । अनुसन्धानका लागि विभागले आफ्नै कर्मचारी वा अन्य निकायको कर्मचारी वा दुबै निकायबाट रहने गरी अनुसन्धान टोली निर्माण गर्न सक्ने व्यवस्था रहेको छ ।
- अनुसन्धान अधिकृतका लागि तोकिएका काम, कर्तव्य र अधिकार अनुसार अनुसन्धान गरी लिनु पर्ने कागजात, विवरण तथा जानकारी लिने, कुनै व्यक्ति वा निकायबाट जानकारी लिने, नियन्त्रणमा लिने वा बयान लिने, थुनामा राख्ने, जमानत लिइ तारिक जमानीमा छोड्ने, लगायतका कार्य गरी अनुसन्धान गर्नुपर्दछ ।

- अनुसन्धानका क्रममा शंका गर्नुपर्ने मनासिव आधार भएमा त्यस्तो सम्पत्ति वा साधन रोक्का राख्न वा नियन्त्रणमा लिन सक्ने, र रोक्का राख्नु वा नियन्त्रणमा लिनु पर्ने सम्पत्ति विदेशमा रहे भएको भएमा सम्बन्धित मुलुकलाई रोक्न अनुरोध गर्ने, कसैको क्रियाकलापमा निरन्तर अनुगमन आदेश दिन सक्ने, सम्बन्धित व्यक्तिको राहदानी वा ट्राभल डकुमेन्ट रोक्का राख्ने र सामान्य किसिमले अनुसन्धान हुन नसके विशेष अनुसन्धान विधि प्रयोग गरी अनुसन्धान गर्न सक्ने व्यवस्था रहेको छ ।
- यसरी गरेको अनुसन्धानको निश्कर्षका आधारमा विभागको प्रमुखले आफ्नो राय सहित मुद्दा चल्ने वा नचल्ने निर्णयका लागि सम्बन्धित सरकारी वकिल समक्ष मिसल एवं प्रमाण पेश गर्नु पर्ने र मुद्दा चलाउने गरी सम्बन्धित सरकारी वकिलबाट निर्णय भई आएमा विभागले अदालतमा मुद्दा दायर गर्ने व्यवस्था रहेको छ ।

## (५) विनिमेय अधिकार पत्र ऐन, २०३४ (Negotiable Instrument Act, 2034)

**✍ विनिमेय अधिकार पत्र ऐन, २०३४ किन जारी भएको हो ? यसले के कस्ता क्षेत्रलाई समेटेको छ ?**

बैंकिंग कारोवारको सिलसिलामा रकम राख्न, झिक्न तथा स्थानान्तरण गर्नका लागि उपयोग गरिने चेक, ड्राफ्ट, प्रतिज्ञापत्र वा विनिमयपत्र जस्ता वित्तीय उपकरणहरू जसलाई विनिमेय अधिकारपत्र (Negotiable instrument) भनिन्छ, त्यस्ता वित्तीय उपकरणहरू मार्फत हुने बैंकिङ्ग कारोवारलाई व्यवस्थित गर्नका लागि विनमेय अधिकार पत्र ऐन, २०३४ तर्जुमा भएको हो । यसमा केही सान्दर्भिक संशोधन सहित हालसम्म पनि कार्यान्वयनमा रहेको छ । यस ऐनको प्रस्तावनामा बैकिङ्ग कारोवारलाई सुव्यवस्थित गर्नको लागि विनिमेय अधिकारपत्रको परिभाषा गर्न र तत्सम्बन्धी अन्य व्यवस्था गर्न वाञ्छनीय भएकोले यो ऐन जारी भएको उल्लेख छ । २०३४ मा जारी भएको भएतापनि यो ऐन २०३९ असार १४ देखि मुलुकभर लागू भएको हो ।

**✍ विनिमेय अधिकारपत्र भन्नाले के बुझिन्छ ?**

ऐनको परिभाषा खण्डमा उल्लेख भए बमोजिम विनिमेय (नेगोसिएशन) भन्नाले पाउने कुनै व्यक्तिलाई धारक बन्न सक्ने गरी विनिमेय अधिकारपत्र हस्तान्तरण गर्ने कामलाई बुझिन्छ भने "विनिमेय अधिकारपत्र" भन्नाले प्रतिज्ञापत्र र विनिमयपत्रलाई जनाउँदछ । "प्रतिज्ञापत्र" भन्नाले सरकारी वा बैङ्क नोट बाहेक कुनै निश्चित मिति वा मागेको बखत सो पत्रमा लेखिएको कुनै खास व्यक्तिलाई वा निजले अह्राएकोलाई वा सो पत्र लिई आउनेलाई विना शर्त यति रूपैयाँ दिन्छु भनी कबुल गरी दस्तखत गरी दिएको लिखत सम्झनु पर्छ । तर सो शब्दले मुलुकी ऐन लेनदेन व्यवहारको महलबमोजिम भएको



Question Bank Nepal

लिखतलाई जनाउने छैन । यस्तै "विनिमेयपत्र" भन्नाले फलाना मितिमा वा यति अवधिपछि वा मागेका बखत सो पत्रमा लेखिएको कुनै खास व्यक्तिलाई वा निजले अह्राएकोलाई वा सो पत्र लिई आउनेलाई र यति रुपैयाँ दिनु भनी एकले अर्कोलाई बिना शर्त निर्देश गरी दस्तखत गरिएको लिखत सम्झनु पर्छ । चेक तथा ड्राफ्ट यस्तै विनिमेय अधिकारपत्र हुन ।

**✍ विनिमेय अधिकारपत्रहरूको भुक्तानी सम्बन्धमा के कस्ता व्यवस्थाहरू रहेका छन् उल्लेख गर्नुहोस् ।**

कुनै विनिमेय अधिकारपत्रको भुक्तानी सम्बन्धमा निम्न व्यवस्थाहरू रहेका छन् :

- कुनै विनिमेय अधिकारपत्र, प्रतिज्ञापत्र वा विनिमेयपत्र के हो छुट्याउन अप्ठ्यारो भएमा त्यस्तो अधिकारपत्रलाई धारकले आफ्नो इच्छानुसार प्रतिज्ञापत्र वा विनिमेयपत्र मान्न सक्ने ।
- धारकले विनिमेय अधिकारपत्र हस्तान्तरण गर्न सक्ने ।
- भुक्तानी मिति नलेखिएको विनिमेय अधिकारपत्रको भुक्तानी मागनासाथ दिनुपर्ने ।
- विनिमेय अधिकारपत्रमा भुक्तानी दिनुपर्ने रकमको अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिए अनुसारको रकमलाई मान्यता दिने ।
- माग्नासाथ वा देख्नासाथ वा प्रस्तुत गर्नासाथ भुक्तानी दिनुपर्नेछ भनी नलेखिएको विनिमेय अधिकारपत्रको भुक्तानी, भुक्तानी मितिले चौथो दिनमा हुने ।
- कुनै निश्चित दिन वा प्रस्तुत गरेको खास अवधिपछि वा कुनै अवश्यम्भावी घटना घटेपछि वा त्यस्ताा घटना घटेको खास अवधि पछि भुक्तानी हुने विनिमेय अधिकारपत्रको भुक्तानी उक्त अधिकारपत्रमा उल्लेख भएबमोजिम हुने ।
- कुनै अवधिपछि भुक्तानी हुने विनिमेय अधिकारपत्रको भुक्तानी मितिको हिसाब गर्दा उक्त अधिकारपत्रमा लेखिएको दिन वा स्वीकृतिको लागि प्रस्तुत गरेको दिन बाहेक गरी हिसाब गर्ने ।
- विनिमेय अधिकारपत्रको भुक्तानी मिति सार्वजनिक बिदाको दिनमा परेमा त्यसको भोलिपल्ट भुक्तानी मिति पुगेको मानिने ।

**✍ विनिमेय अधिकारपत्रको भुक्तानीमा यसका विभिन्न पक्षहरूको के कस्तो हक र दायित्व रहन्छ ? उल्लेख गर्नुहोस् ।**

ऐनमा भएको व्यवस्था अनुसार विनिमेय अधिकारपत्रका पक्षहरूको हक र दायित्व निम्नानुसार रहन्छ :

- प्रचलित कानून अन्तर्गत करार गर्न सक्ने व्यक्तिले विनिमेय अधिकारपत्र लेख्ने, खिच्ने स्वीकार गर्ने, दरपीठ गर्ने, विनिमेय गर्ने आद सम्पूर्ण काम गर्न सक्ने र त्यसको निमित्त सबै पक्षहरू उत्तरदायी हुने तर त्यस्तो काम नाबालकले गरेको भए निज बाहेक अरू सबै पक्षहरू उत्तरदायी हुने ।



Question Bank Nepal

- अभिकर्ताले गरेको कामको निमित्त निजलाई त्यस्तो काम गर्न अख्तियारी प्रदान गर्ने मुख्य व्यक्ति उत्तरदायी हुनेछ ।
- अभिकर्ताले विनिमेय अधिकारपत्रमा आफूले अभिकर्ताको हैसियतले दस्तखत गरेको कुरा खुलाएको छैन वा व्यक्तिगतरूपले आफू उत्तरदायी नहुने व्यहोरा उल्लेख नगरी दस्तखत गरेको छ भने त्यस्तो विनिमेय अधिकारपत्रको लागि व्यक्तिगत रूपले अभिकर्ता पनि उत्तरदायी हुने ।
- मृत व्यक्तिको हकवालाको हैसियतले विनिमेय अधिकारपत्रमा दस्तखत गर्ने व्यक्तिले आफूले पाएको सम्पत्तिको हदसम्म मात्र उत्तरदायी हुने व्यहोरा उल्लेख नगरी दस्तखत गरेको छ भने निज सो विनिमेय अधिकारपत्रको लागि पूर्णतया व्यक्तिगतरूपले उत्तरदायी हुने ।
- स्वीकार गर्ने व्यक्ति वा ड्रयीबाट विनिमेयपत्र अनादर भएको वा स्वीकार नगरिएको कुरा ड्रअरलाई रीतपूर्वक सूचित गरिएमा धारकलाई क्षतिपूर्ति दिनु ड्रअरको कर्तव्य हुने ।
- ड्रअरको पर्याप्त निक्षेप भएको अवस्थामा प्रस्तुत भएको चेक रीतपूर्वकको छ भने त्यस्तो चेकको भुक्तानी बैङ्कले दिनुपर्ने । त्यस्तो चेकको भुक्तानी नदिएबाट ड्रअर वा रीतपूर्वकको नै धारकलाई कुनै हानी नोक्सानी भएमा बैङ्कले त्यसको क्षतिपूर्ति ऐनबमोजिम दिनुपर्ने ।
- प्रतिज्ञापत्र लेखिदिने वा विनिमेयपत्र स्वीकार गर्ने व्यक्तिले भुक्तानी मिति पुगेपछि रीतपूर्वक भुक्तानीको लागि पेश हुन आएको विनिमेय अधिकारपत्रको भुक्तानी दिनुपर्ने । त्यस्तो विनिमेय अधिकारपत्रको भुक्तानी नदिएबाट भुक्तानी पाउने पक्षलाई कुनै हानी नोक्सानी भएमा प्रतिज्ञापत्र लेखिदिने वा विनिमेयपत्र स्वीकार गर्ने व्यक्तिले त्यसको क्षतिपूर्ति समेत यो ऐनबमोजिम दिनुपर्ने
- आफ्नो दायित्व सीमिति हुने वा दायित्व नै नहुने कुरा नलेखी विनिमेय अधिकारपत्र दरपीठ गरी हस्तान्तरण गर्ने व्यक्ति अन्यथा करार भएमा बाहेक पछिका प्रत्येक धारकप्रति उत्तरदायी हुने ।
- विनिमेय अधिकारपत्रको रीतपूर्वकको भुक्तानी नभएसम्म प्रत्येक पूर्वपक्ष रीतपूर्वकको धारकप्रति उत्तरदायी हुनेछ ।
- अन्यथा करार भएकोमा बाहेक विनिमेय अधिकारपत्र स्वीकार हुनुभन्दा अगाडि सो लेख्ने, खिच्ने व्यक्तिको दायित्व र स्वीकार गरिसकेपछि स्वीकार गर्ने पक्षको दायित्व मुख्य ऋणी सरहको र त्यसमा अन्य पक्षको दायित्व जमानी सरहको हुने ।
- अन्यथा करार भएकोमा बाहेक जमानीको रूपमा उत्तरदायी हुने पक्षहरूमध्ये प्रत्येक पछिल्लो पक्षको निमित्त प्रत्येक पूर्वपक्ष मुख्य ऋणी सरह उत्तरदायी हुने ।
- प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि अधिकारपत्रमा जमानी हुने व्यक्तिले मुख्य ऋणीको सम्पत्तिबाट असुलउपर हुन नसकेमा मात्र निजको सम्पत्तिबाट उपर गरी लिन पाउने भन्ने कुराको जिकिर गर्न नपाउने रहुन सक्ने

Question Bank Nepal

- विनिमेय अधिकारपत्र हराउने धारकले अनुरोध गरेमा ड्रअरले वा प्रतिज्ञापत्र लेखिदिने व्यक्तिले आवश्यक जमानत र प्रतिलिपि तयार गर्न लागेको खर्च लिई अर्को प्रति दिनुपर्ने ।

**✍ विनिमेय अधिकारपत्रको विनिमेय हुने वा दरपिठ हुने व्यवस्था के कस्तो रहेको छ उल्लेख गर्नुहोस् ।**

यस सम्बन्धमा ऐनमा निम्न व्यवस्था रहेको छ :

- हस्तान्तरण भएपछि मात्र विनिमेय अधिकारपत्र लेखेको, स्वीकार गरेको वा दरपीठ गरेको कार्य पूरा भएको मानिने,
- लिई आउनेले भुक्तानी पाउने विनिमेय अधिकारपत्र हस्तान्तरणद्वारा विनिमेय गर्न सकिने । अधिकारपत्रमा लेखिएको वा निजले अह्राएको व्यक्तिले भुक्तानी पाउने विनिमेय अधिकारपत्र भएमा सो अधिकारपत्रको धारकबाट दरपीठ समेत भएको हुनुपर्ने ।
- विनिमेय अधिकारपत्र दरपीठ गरी हस्तान्तर गरेपछि हक हस्तान्तरण हुने । धारकले सो अधिकारपत्र अरू कसैलाई दरपीठ गरी दिने वा स्वयं भुक्तानी लिन सक्ने ।
- कुनै साधारण दरपीठ भएको विनिमेय अधिकारपत्रको धारकले साधारण दरपीठलाई विशेष दरपीठमा बदल्न सक्ने ।
- विनिमेय अधिकारपत्र दरपीठ गर्दा सो अधिकारपत्र पुन: दरपीठ गर्न नसकिने गरी वा दरपीठमा उल्लेख गरिएबमोजिम मात्र गर्ने गरी धारकको दरपीठ गर्ने हकमा प्रतिबन्ध लगाउन सकिने । तर लिई आउनेले भुक्तानी पाउने विनिमेय अधिकारपत्रको हकमा भने यस्तो प्रतिबन्ध लगाउन नसकिने ।
- रीतपूर्वकको धारकबाट विनिमेय अधिकारपत्रमा हक प्राप्त गर्ने धारकको हक रीतपूर्वकको धारक सरह नै हुने ।
- प्रतिबन्ध लगाइएको अवस्थामा बाहेक विनिमेय अधिकारपत्रको प्रत्येक पक्षले सो अधिकारपत्र दरपीठ वा विनिमेय गर्न सक्ने ।
- दरपीठ गर्ने व्यक्तिले विनिमेय अधिकारपत्रमा आफ्नो दायित्व नरहने कुरा स्पष्ट गरी दरपीठ गर्न सक्ने ।
- आंशिक रकम मात्र पाउने गरी दरपीठ भएको विनिमेय अधिकारपत्र विनिमेय नहुने ।
- कुनै अपराध गरी वा जालसाजी गरी वा गैरकानूनी तवरबाट विनिमेय अधिकारपत्र प्राप्त गर्ने व्यक्ति वा हराएको विनिमेय अधिकारपत्र पाउने व्यक्तिले त्यस्तो विनिमेय अधिकारपत्र खिच्ने, स्वीकार गर्ने व्यक्ति वा धारकसँग सो अधिकारपत्रमा उल्लिखत रकम उपर दावी गर्न नपाउने ।
- स्वीकार नगरी वा भुक्तानी गर्न ईन्कार गरी अनादर गरेको विनिमेय अधिकारपत्र जानाजान लिने वा भुक्तानी मिति नाघेको विनिमेय अधिकारपत्र लिने धारकको अधिकार सो अधिकारपत्र हस्तान्तरण गर्ने व्यक्तिकोभन्दा बढी हुने छैन ।



Question Bank Nepal

✍ **विनिमेय अधिकारपत्रको विनिमेयको लागि सम्बन्धित बैंङ्क मा प्रस्तुती र विनिमेय कसरी हुने व्यवस्था रहेको छ ?**

- प्रस्तुत गरेपछि भुक्तानी पाउने विनिमेयपत्र स्वीकृतिको लागि ड्रयी समक्ष कारोबारको दिनमा कारोबार गर्ने समयभित्र प्रस्तुत गर्नुपर्ने ।
- स्वीकृतिको लागि प्रस्तुत गरिएको विनिमेयपत्र स्वीकार गर्ने वा नगर्ने बिचार गर्नको लागि ड्रयीले समय मागेमा धारकले सार्वजनिक बिदा बाहेक दुई दिनको म्याद दिनुपर्ने ।
- देखाएको निश्चित अवधिपछि भुक्तानी हुने प्रतिज्ञापत्र भुक्तानी पाउने अधिकार भएको व्यक्तिले प्रतिज्ञापत्र लेखिदिने व्यक्ति समक्ष प्रतिज्ञा गरिएको मुनासिब समयभित्र कारोबारको दिनमा कारोबार गर्ने समयभित्र देखाउनको लागि प्रस्तुत गर्नुपर्ने ।
- प्रतिज्ञापत्र,विनिमेयपत्र र चेक भुक्तानीको लागि क्रमश: लेखिदिने, स्वीकार गर्ने र ड्रयी समक्ष धारकले वा निजले अह्राएकोले कारोबार गर्ने समयभित्र प्रस्तुत गर्नुपर्ने । यसरी प्रस्तुत नगरेमा सो अधिकारपत्रमा उल्लेख भएका अरू पक्षहरू त्यस्ता धारकप्रति उत्तरदायी नहुने
- कुनै निर्दिष्ट स्थानमा भुक्तानी दिइने भनिएको विनिमेय अधिकारपत्र सोही स्थानमा भुक्तानीको लागि प्रस्तुत गर्नुपर्ने ।
- भुक्तानीको लागि प्रस्तुत गर्नुपर्ने स्थान नलेखिएको प्रतिज्ञापत्र सो लेखिदिने व्यक्ति समक्ष र विनिमेयपत्र सो स्वीकार गर्ने व्यक्ति वा ड्रयी समक्ष निजको कारोबार गर्ने वा बसोबास गर्ने स्थानमा भुक्तानीको लागि प्रस्तुत गर्नुपर्ने । बसोबास वा कारोवार गर्ने स्थान निश्चित नभएमा निजलाई फेला परेको स्थानमा प्रस्तुत गर्नुपर्ने ।
- जुन बैङ्क उपर चेक खिचिएको छ, सो बैङ्कमा चेक प्रस्तुत नगरी कसैले पनि ड्रअर उपरदावी गर्न नपाउने र मनासिब समयभित्र चेक प्रस्तुत नगरेको कारणबाट कसैलाई कुनै नोक्सानी हुन गएमा सो नोक्सानीको रकम ड्रअरसँग दावी गर्न नसकिने ।
- माग्नासाथ भुक्तानी पाउने विनमेय अधिकारपत्रको धारकले सो अधिकारपत्र मनासिब समयभित्र भुक्तानीको निमित्त प्रस्तुत गर्नुपर्ने ।
- प्रतिज्ञापत्र, विनिमेयपत्र र चेक स्वीकृति वा भुक्तानीको लागि क्रमश: लेखिदिने, स्वीकार गर्ने र ड्रयीको अभिकर्ता समक्ष प्रस्तुत गर्न सकिने तर त्यस्तो लेखिदिने वा स्वीकार गर्ने व्यक्ति वा ड्रयीको मृत्यु भईसकेको भए सो अधिकारपत्र निजको हकवाला समक्ष प्रस्तुत गर्नुपर्ने ।

✍ **कस्तो अवस्थामा विनिमेय अधिकारपत्रको अनादर भएको मान्छि ?**

देहायको अवस्थामा विनिमेय अधिकार पत्र अनादर गरिएको मानिन्छ र त्यसको भुक्तानीको लागि प्रस्तुत गर्नु पर्दैन :

Question Bank Nepal

(क) खिच्ने वा स्वीकार गर्ने व्यक्ति वा ड्र्यीले जानाजान विनिमेय अधिकारपत्रको प्रस्तुतीकरणमा बाधा दिएमा, वा

(ख) भुक्तानीको लागि निर्दिष्ट स्थानमा प्रस्तुत गर्नुपर्ने भनी उल्लेख भएकोमा कारोबार गर्ने दिन तथा कारोबार गर्ने समयमा भुक्तानी दिनपर्ने व्यक्ति वा निजको अभिकर्ता उल्लिखित स्थानमा उपस्थित नभएमा, वा

(ग) भुक्तानी दिनुपर्ने व्यक्तिले कारोबार गर्ने दिन कारोबार गर्ने समयभित्र कार्यालय बन्द गरेमा, वा

(घ) कुनै निर्दिष्ट स्थानमा प्रस्तुत गर्नुपर्ने भनी नलेखिएको विनिमेय अधिकारपत्र प्रस्तुत गर्नको लागि भरमग्दुर कोशिश गर्दा पनि सम्बन्धित पक्ष फेला नपरेमा ।

यस्तै निम्न अवस्थामा पनि विनिमेय अधिकारपत्र अनादर हुन सक्दछ :

- स्वीकृतिको लागि प्रस्तुत गरिएको विनिमेयपत्र स्वीकृत गर्नुपर्ने ड्र्यीले स्वीकार नगरेमा वा साझेदारीमा नरहेका धेरै ड्र्यीमध्ये कुनै एक ड्र्यीले स्वीकार नगरेमा
- कुनै शर्तमा मात्र स्वीकार गर्न मञ्जुर गरेका ड्र्यी करार गर्न अयोग्य भएमा
- प्रतिज्ञापत्र लेखिदिने व्यक्तिले वा विनिमेयपत्र स्वीकार गर्ने व्यक्तिले वा चेकको ड्र्यीले भुक्तानी दिनुपर्ने रकमको भुक्तानी नदिएमा

**✍ विनिमेय अधिकारपत्र अनादर भएमा त्यसको सूचना कसरी दिनुपर्ने व्यवस्था रहेको छ ?**

- विनिमेय अधिकारपत्र अस्वीकृतिद्वारा वा भुक्तानी दिन इन्कार गरी अनादर गरिएकोमा सो कुराको सूचना धारक वा त्यसप्रति उत्तरदायी हुने कुनै पक्षले सो अधिकारपत्रसँग सम्बन्धित सबै पक्षलाई दिनुपर्ने र तीमध्ये कुनै पक्षलाई यस्तो कुरा सूचित नगरिएको भए त्यस्तो पक्ष सो अधिकारपत्रप्रति उत्तरदायी नहुने व्यवस्था रहेको छ ।
- अनादरको सूचना जुन व्यक्तिलाई दिनुपर्ने हो, निजलाई वा निजको अधिकार प्राप्त अभिकर्तालाई वा निजको मृत्यु भएमा निजको हकवालालाई मौखिक वा लिखित रूपमा दिन सकिने र लिखित रूपमा सूचना दिंदा हुलाकद्वारा रजिष्टरी गरी जुनसुकै ढाँचामा दिन सकिने व्यवस्था छ । यस्तो सूचना विनिमेय अधिकारपत्र अनादर भएको कुराको अतिरिक्त सूचित गरिएको व्यक्ति कुन रूपमा उत्तरदायी हुने हो सो कुरा समेत स्पष्ट खुलाई मनासिब समयभित्र निजको कारोबार गर्ने वा बसोबास गर्ने स्थानमा दिनुपर्ने साथै हुलाकद्वारा रीतपूर्वक पठाएको सूचना कुनै कारणवश सम्बन्धित व्यक्ति कहाँ नपुगेमा पनि सूचना पठाएको मानिने व्यवस्था रहेको छ । यदि कुनै विनिमेय अधिकारपत्र प्रस्तुतीकरणको अभिकर्ता मार्फत प्रस्तुत भएको र अनादरको सूचना निजलाई दिइएको भएमा त्यस्तो अभिकर्ताले सम्बन्धित मुख्य पक्षलाई अनादरको सूचना गर्न धारकले पाए सरहको समय पाउने व्यवस्था छ ।
- तर देहायको अवस्थामा भने अनादरको सूचना दिनु नपर्ने व्यवस्था ऐनले गरेको छ ।

  (क) सूचना पाउनुपर्ने पक्षले आफ्नो व्यवहारद्वारा सूचना दिन नपर्ने गरेमा,

Question Bank Nepal

(ख) ड्रअरले भुक्तानी रोक्का गरेमा,

(ग) सूचना नगरेको कारणबाट पक्षलाई कुनै नोक्सानी नहुने भएमा,

(घ) स्वीकार गर्ने व्यक्ति आफैं ड्रअर भएमा,

(ङ) विनिमेय गर्न नसकिने प्रतिज्ञापत्र भएमा,

(च) सूचना पाउनुपर्ने पक्षले भर मग्दुर खोज्दा पनि फेला नपरेमा वा सूचना दिनुपर्ने व्यक्तिले आफ्नो गल्तीले बाहेक अन्य कुनै कारणवश सूचना दिन नसक्ने भएमा,

(छ) सूचना पाउनुपर्ने पक्षले अनादर भएको कुरा थाहा पाउँदा पाउँदै विनिमेय अधिकारपत्रको रकम बिना शर्त भुक्तानी दिन कबुल गरेमा ।

**२२. विनिमेय अधिकारपत्र ऐनले रेखाङ्कित चेकका सम्बन्धमा कस्तो व्यवस्था गरेको छ ? उल्लेख गर्नुहोस् ।**

यस ऐनले रेखाङ्कित चेकको प्रकार उल्लेख गर्दै कस्तो रेखाङ्कित चेक कसरी भुक्तानी हुने भन्ने सम्बन्धमा निम्नानुसारका व्यवस्था गरेको छ । यस्तो व्यवस्था ड्राफ्टको हकमा पनि लागू हुने उल्लेख छ । तल उल्लेख भए बमोजिम गरेको छ:

- साधारण रेखाङ्कित चेक : चेकको अग्र भागमा दुई समानान्तर रेखाभित्र "र कम्पनी" (एण्ड कम्पनी) वा त्यसको संक्षिप्त शब्दहरू लेखिएको वा दुई समानन्तर रेखा मात्र कोरिएका भए त्यसमा "विनिमेय गर्न नसकिने" (नट् नेगोसिएबल) भन्ने शब्दहरू लेखिएको वा नलेखिएको जे भए तापनि त्यस्तो चेकलाई साधारण रेखाङ्कित चेक मानिने ।
- विशेष रेखाङ्कित चेक : चेकको अग्र भागमा बैङ्करको नाम लेखिएको भए त्यसमा "विनिमेय गर्न नसकिने"(नट् नेगोसिएबल) भन्ने शब्दहरू लेखिएको वा नलेखिएको जे भए तापनि त्यस्तो चेकलाई विशेष रेखाङ्कित चेक मानिनेछ ।
- निष्कासन पछिको रेखेखाङ्कन : रेखाङ्कित नगरिएको चेकलाई धारकले साधारण वा विशेष रेखाङ्कित चेक बनाउन सक्नेछ । साधारण रेखाङ्कित चेकलाई धारकले विशेष रेखाङ्कित चेक बनाउन सक्ने साथै साधारण वा विशेष रेखाङ्कित चेकमा धारकले "विनिमेय गर्न नसकिने" (नट् नेगोसिएबल) भन्ने शब्दहरू थप्न सक्ने, कुनै बैङ्करको नाममा रेखाङ्कित गरिएको विशेष रेखाङ्कित चेकलाई सो बैङ्करले सङ्कलनको लागि पठाउँदा अर्को बैङ्कर वा आफ्नो अभिकर्ताको नाममा पुन: विशेष रेखाङ्कन गर्न सक्नेछ र रेखाङ्कित गरिएको चेकको ड्रअरले सो चेकको रेखाङ्कन रद्द गर्न सक्ने ।

यस्तै रेखाङ्कित चेकको भुक्तानी निम्नानुसार हुन सक्ने व्यवस्था रहेको छ :

- साधारण रेखाङ्कित चेकको भुक्तानी बैङ्कर बाहेक अरूलाई नदिइने,
- विशेष रेखाङ्कित चेकको भुक्तानी जुन बैङ्करको नाउँमा रेखाङ्कित गरिएको छ सो बैङ्कर वा त्यसको अभिकर्ता बाहेक अरूलाई नदिइने,

Question Bank Nepal

- "खातामा मात्र" (एकाउण्ट पेयी) भन्ने शब्दहरू लेखिएको रेखाङ्कित चेकको भुक्तानी बैङ्करले जसको नाममा चेक खिचिएको छ सोही व्यक्तिको खातामा मात्र जम्मा गरी भुक्तानी दिन सक्ने ।
- एकभन्दा बढी बैङ्करको नाउँमा विशेष रेखाङ्कित गरिएको भए सङ्कलनको निमित्त अभिकर्ताको नाममा विशेष रेखाङ्कित गरिएकोमा बाहेक त्यस्तो चेकको भुक्तानी नदिइने ।
- कुनै बैङ्करले आफू उपर खिचिएको रेखाङ्कित चेकको रीतपूर्वकको भुक्तानी दिएको छ भने सो भुक्तानी दिने बैङ्कर र ड्रअरको हक तथा दायित्व त्यस्तो चेकको खास धनीलाई भुक्तानी दिएको अवस्थामा हुने हक र दायित्व सरह हुने ।
- रेखाङ्कित चेकको बेरितपूर्वक भुक्तानी दिएमा त्यस्तो भुक्तानी दिएको कारणबाट चेकको खास धनीलाई कुनै हानी नोक्सानी हुन गएमा भुक्तानी दिने बैङ्कर उत्तरदायी हुने ।
- विनिमेय गर्न नसकिने (नट् नेगोसिएबल) भन्ने शब्दहरू लेखिएको साधारण वा विशेष रेखाङ्कित चेक प्राप्त गर्ने व्यक्तिले जसबाट चेक प्राप्त गरेको हो निजको त्यस चेकमा भएको भन्दा बढी हक प्राप्त गर्न वा सो भन्दा बढी हक प्रदान गर्न नसक्ने ।
- लापरवाही नगरी असल नियतले बैङ्कले ग्राहकको लागि कुनै रेखाङ्कित चेकको भुक्तानी लिई दिएमा पछि त्यस्तो चेकमा ग्राहकको हक नभएको भन्ने प्रमाणित हुन आए तापनि भुक्तानी लिई दिएको नाताले मात्र बैङ्क सो चेकको खास धनीप्रति उत्तरदायी नहुने ।

**✍ विदेशी विनिमेय अधिकारपत्र सम्बन्धमा ऐनले कस्तो व्यवस्था गरेको छ ?**

- अन्यथा करार गरिएकोमा बाहेक कुनै विदेशी विनिमेय अधिकारपत्र निष्कासन गर्ने वा खिच्ने व्यक्तिको दायित्व सो विनिमेय अधिकारपत्र निष्कासन गरिएको वा खिचिएको मुलुकको कानून अनुसार हुने, त्यस्तै स्वीकार गर्ने र दरपीठ गर्ने व्यक्तिको दायित्व पनि सो अधिकारपत्र भुक्तानी हुने मुलुकको कानून अनुसार हुने व्यवस्था छ । यस्तो अधिकारपत्रको अनादर भुक्तानी हुने मुलुकको कानूनले व्यवस्था गरे बमोजिम हुने र
- विदेशमा लेखिएको, खिचिएको, स्वीकार गरिएको, दरपीठ गरिएको वा जारी गरिएको तर नेपाल कानून अनुसार रीत पुगेको विनिमेय अधिकारपत्र सम्बन्धमा विदेशी कानून अनुसार अवैध हुने किसिमको सम्झौता भएको प्रमाणित भएमा पनि नेपालभित्र त्यस्तो अधिकारपत्रमा पछि गरिएको स्वीकृति वा दरपीठ वैध मानिने व्यवस्था रहेको छ । यस्तै नेपाल कानूनसित बाझिने भनी प्रमाणित नभएसम्म विनिमेय अधिकारपत्र सम्बन्धी विदेशी कानून प्रचलित नेपाल कानून सरह मानिने व्यवस्था पनि यस ऐनले गरेको छ ।



Question Bank Nepal

## (६) कम्पनी ऐन, २०६३ (Company Act, 2063)

✍ **कम्पनी ऐन २०६३ का उद्देश्य बारे लेख्नुहोस ।**

कम्पनी ऐन, २०६३ को प्रस्तावनामा उल्लेख भए बमोजिम यसका उद्देश्यलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- आर्थिक उदारीकरणद्वारा उद्योग, व्यापार र व्यवसायका क्षेत्रमा लगानी प्रवर्द्धन गर्ने ।
- मुलुकको आर्थिक विकासमा गतिशीलता ल्याउने ।
- कम्पनीको संस्थापना, सञ्चालन तथा प्रशासनलाई अझ बढी सुगम, सरल र पारदर्शी बनाउने ।
- कम्पनीसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्ने ।

✍ **बोनस सेयर भन्नाले के बुझिन्छ ?**

बोनस सेयर भन्नाले कम्पनीको मुनाफाबाट भएको बचत वा जगेडा कोषलाई पुँजीकरण गरी सेयरधनीहरूलाई अतिरिक्त सेयरको रूपमा जारी गरिएको सेयर सम्झनुपर्छ र सो शब्दले बचत वा जगेडा कोषलाई पुँजीकरण गरी सेयरको चुक्ता रकम वृद्धि गरेको अवस्थासमेतलाई जनाउँछ ।

✍ **धितोपत्र भन्नाले के बुझिन्छ ?**

धितोपत्र भन्नाले कम्पनीले जारी गरेको सेयर, बण्ड, डिबेन्चर वा ऋणपत्र सम्झनुपर्छ र सो शब्दले धितोपत्रको धरौटीसम्बन्धी भरपाई तथा धितोपत्र सम्बन्धी हक र अधिकारपत्रसमेतलाई जनाउँछ ।

✍ **खुद सम्पत्ति (नेटवर्थ) भन्नाले के बुझिन्छ ?**

खुद सम्पत्ति (नेटवर्थ) भन्नाले कम्पनीको तत्काल कायम रहेको कुल जायजेथाबाट चुक्ता पुँजी तथा सेयरधनीको हक लाग्ने जुनसुकै नामाकरण गरिएको जगेडा कोष वा संचित मुनाफा वा कम्पनीको कुनै ख्याति भई सो बाहेकको अन्य सम्पूर्ण दायित्व रकम र संकलित नोक्सानी भए सो समेत कट्टा गरी बाँकी रहेको रकमलाई सम्झनुपर्दछ ।

✍ **कम्पनी संस्थापनाको लागि दिइने निवेदनमा खुलाइनु पर्ने कुराहरू लेख्नहोस ।**

मुनाफाको उद्देश्य लिई कुनै उद्यम गर्न चाहने व्यक्तिले एक्लै वा अरुसंग समूहबद्ध भई प्रवन्धपत्रमा उल्लेख भएबमोजिम एक वा एकभन्दा बढी उद्देश्य प्राप्तिका लागि कम्पनी संस्थापना गर्न सक्ने व्यवस्था रहेको छ । कम्पनीको संस्थापना गर्न चाहने व्यक्तिले तोकिए बमोजिमको ढाँचामा तोकिएको दस्तुर तथा निम्नबमोजिमका कागजातहरू समेत संलग्न राखी कम्पनी रजिष्ट्रारको कार्यालयमा निवेदन दिनु पर्नेछ :

- प्रस्तावित कम्पनीको प्रबन्धपत्र,
- एक व्यक्तिमात्र संस्थापक रहेको कम्पनी बाहेकका कम्पनीका लागि प्रस्तावित कम्पनीको नियमावली,



Question Bank Nepal